# जिल्ला समन्वय समितिको कार्यालय
## ताप्लेजुङ

प.सं ०८१/०८२
चलानी नंम्बरः-२४

जिल्ला समन्वय समितिको कार्यालय
ताप्लेजुङ
२०७३

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

मिति २०८२।०७।०९
ने.स. ११४६ कछलाथ्व, पञ्चमी

विषयः- स्वतः प्रकाशन पठाएको ।

श्री राष्ट्रिय सूचना आयोग,
त्रिपुरेश्वर, काठमाडौं ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको २०८२ श्रावण महिनादेखि २०८२ असोज महिनासम्म भए गरेका समग्र गतिविधहरुलाई समेटी तयार गरिएको स्व प्रकाशन कार्यालयमा प्रकाशन गरी एकप्रति यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ

श्री जिल्ला हुलाक कार्यालय, ताप्लेजुङ

श्री जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ

..........................
प्रभा आले मगर
शाखा अधिकृत

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ उपदफा ३ र ४ बमोजिम प्रकाशित त्रैमासिक विवरण

**२०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्म**



२०८२ कार्तिक

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

## विषयसूची


(क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति ........ १

(ख) जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार........ १

३.१. विकास कार्यमा समन्वय........ ४

३.२. अनुगमन कार्य........ ६

३.३. सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य ........ ७

३.४. क्षमता विकास कार्य ........ ८

३.५. व्यवस्थापन कार्य ........ ८

३.६. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनसम्बन्धी कार्य........ ९

३.७. भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य ........ १०

(ग) पदाधिकारी र कर्मचारीको विवरण........ १०

**पदाधिकारीहरुको विवरण** ........ १०

(घ) शाखा र जिम्मेवार अधिकारी........ १२

(ङ) निकायबाट प्रदान गरिने सेवाहरु ........ १२

(च) निर्णय गर्ने प्रकृया र अधिकारी/निकाय........ १३

(छ) सम्पादित कार्यको विवरण ........ १३

(ज) जिल्ला समन्वय समिति सम्बन्धित मुख्य ऐन, नियम र निर्देशिकाहरु........ १४

(झ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण........ १६

(ञ) अन्य विवरण........ १६

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

## (क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति

२०७२ असोज ३ मा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको संरचना अन्तर्गत वि.स. २०७४ मा सम्पन्न पहिलो स्थानीय तह निर्वाचनको मत परिणाम बमोजिम जिल्ला समन्वय समिति, ताप्लेजुङको गठन भएको हो । यसको कार्यालय भवन ताप्लेजुङ जिल्ला, फुङलिङ नगरपालिका वडा नं. ४ स्थित तोक्मे डाँडामा अवस्थित रहेको छ। नेपालको संविधानको धारा २२० को उपधारा १ बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवथा रहेको छ। सो अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था उल्लेख गरिएको छ।

## (ख) जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

(१) नेपालको संविधानको धारा २२० को उपधारा ३ मा जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ। त्यसै गरी धारा २२० को उपधारा ७ अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बिच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बिच

समन्वय गर्ने,

- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा १ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरिएको छ।

प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा ७ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यसता कार्यक्रमको प्रभावकारिता तथा व्यव्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यसता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र संघसँग समन्वय गर्ने,
- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच हुने कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजीकरण गर्ने,
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नाको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने,
- जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुने व्यवस्था रहेको छ ।

(३) त्यसैगरी कोशी प्रदेशले जारी गरेको जिल्ला सभा ऐन, २०७५ को दफा (३) मा जिल्ला समन्वय समितिले काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरिएको छ।

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

३.१. विकास कार्यमा समन्वय

- जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत कार्यान्वयन गर्न सहजीकरण गर्ने,
- जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीका रणनीतिक योजना तर्जुमा तय गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,
- जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबिचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,
- संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबिच एकीकृत योजना प्रक्रिया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्रको प्राकृतिक स्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव

मूल्याकंन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्य गाउँपालिका र नगरपालिकाबिचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

- जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत, समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धिमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाब दिने,
- जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,
- जिल्लाभित्र सञ्चालित संघीय र देश तथा आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय,सहजीकरण र सहयोग गर्ने,
- जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका र नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,
- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीइ तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र प्रतिवेदन पेश गर्ने।

३.२. अनुगमन कार्य

३.२.१. विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना र संचालन गर्ने,

३.२.२. जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिमाण र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

३.२.३. गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः

- गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानुनी परिपालनाको विषय
- वित्तीय व्यंवसथापन तथा प्रभावकारिताको विषय
- सुशासन प्रवर्द्धको विषय
- पदाधिकारीहरुको सुमधुर अन्तरसम्बन्धको विषय

३.२.४. कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानूनबमोजिम गर्न सुझाव दिने,

३.२.५. जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुको स्थानगत, विषयगत, क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमहरुको प्रभावकारिता र व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गरी

जिल्ला समन्वय समितिको कार्यालय ताप्लेजुङ २०७३

आवश्यक सुझाव दिने।

३.३. सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

३.३.१. जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

३.३.२. नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको स्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,

३.३.३. जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक राख्ने,

३.३.४. जिल्लाभित्रको सम्पन्न भएका तथा सञ्चालित चालू विकास आयोजना तथा परियोजनाको लगत राख्ने,

३.३.५. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

३.३.६. जिल्लास्तरीय अन्य आवश्यक तथ्याङ्क तथा सूचनाको संकलन तथ अभिलेखन गर्ने।

३.४. क्षमता विकास कार्य

३.४.१. गाउँपालिका तथा नगरपालिकाको आवश्यकता मागबमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

३.४.२. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

३.४.३. गाउँपालिका तथा नगरपालिकामा दिगो विकासको लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

३.४.४. जिल्लाको विशिष्टता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक कार्य गर्ने,

३.४.५. राजस्व क्षेत्र पहिचान तथा सम्भावना अध्ययन गरी त्यस्तो स्रोतको उच्चतम परिचालनको लागि गाउँपालिका तथा नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

३.४.६. जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकाससम्बन्धी कार्य गर्ने।

३.५. व्यवस्थापन कार्य

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सक्नेछः

- जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन
- आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास
- फोहोरमैला बिसर्जन स्थान वा प्रशोधन प्रणालीको विकास र सञ्चालन
- बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन
- बस्ती विकास तथा भू-उपयोग योजना
- पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास
- दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन
- असल अभ्यास र अनुभवको आदानप्रदान

३.६. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनसम्बन्धी कार्य

३.५.१. आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

३.५.२. विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

३.५.३. विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने,

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

३.७. भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

३.६.१. जिल्लाभित्र प्रचलनमा रहेको भाषा, कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

३.६.२. जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,

३.६.३. जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने,

## (ग) पदाधिकारी र कर्मचारीको विवरण

### पदाधिकारीहरुको विवरण

| सि.न. | नाम, थर | पद | जिम्मेवारी तोकिएको क्षेत्र/फाँट/शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | छिरिङ लामा | प्रमुख | मिक्वाखोला गा.पा. | ९८४२६६०३१७ |
| २ | कृष्णप्रसाद लिङखिम | उप प्रमुख | फुङलिङ न.पा. | ९८६९५५४१८३ |
| ३ | रविन्द्र कुमार वनेम | सदस्य | मैवाखोला गा.पा. | ९८४२०१२८५० |
| ४ | विष्णुप्रसाद तिवारी | सदस्य | मेरिङदेन गा.पा. | ९८४२६६०७२० |
| ५ | हेमन्ता मिश्र पौडेल | सदस्य | आठराई त्रिवेणी गा.पा. | ९८६२६३८४०६ |
| ६ | सन्तोष राई | सदस्य | पाथीभरा याङवरक गा.पा. | ९८६२६६०१५० |
| ७ | भूपाल मादेन | सदस्य | फक्ताङलुङ गा.पा. | ९८६३६७७४८४ |
| ८ | सविता लिङदेन | सदस्य | सिरिजङ्घा गा.पा. | ९८६९७५३२०९ |
| ९ | चन्द्रकला दाहाल कडरिया | सदस्य | सिदिङवा गा.पा. | ९७६५५६५६०३ |
| १० | कमानसिं लामा | स्वकीय सचिव | समन्वय प्रमुखको सचिवालय | |



प्रडिमलि

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

### कर्मचारीहरुको विवरण

| सिनं. | नाम, थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | डम्बर बहादुर जि.सी | समन्वय अधिकारी | ९८५२६३३२२२ | |
| २ | प्रभा आले मगर | शाखा अधिकृत | ९८४०४२९२६१ | |
| ३ | युवराज पौडेल | नायव सुब्बा | ९८६२६०४९०९ | |
| ४ | समिर निरौला | लेखापाल | ९८५२६६०१३७ | |
| ५ | प्रकाश गुरुङ | अ.सब ईन्जिनियर | ९८४२६३९०८५ | करार सेवा |
| ६ | सन्तोष राई | सवारी चालक | ९८५२६६०९३३ | करार सेवा |
| ७ | महेश सुनुवार | सवारी चालक | ९८६३००९९४८ | करार सेवा |
| ८ | सावित्रा श्रेष्ठ | कार्यालय सहयोगी | ९८६२६४५४९४ | करार सेवा |
| ९ | स्मीति सुब्बा लामा | कार्यालय सहयोगी | ९७४४३२३५४६ | करार सेवा |
| १० | केशब मांदेन | कार्यालय सहयोगी | ९८४२६७३५१३ | करार सेवा |

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,


## कोशी प्रदेश, नेपाल।

## (घ) शाखा र जिम्मेवार अधिकारी

जिल्ला समन्वय समितिको कार्यालयको संगठन संरचना देहायबमोजिम रहेको छः

अनुसूची - १.७

जिल्ला समन्वय समिति,(७७ जिल्ला) को संगठन संरचना




## (ङ) निकायबाट प्रदान गरिने सेवाहरु

जिल्ला समन्वय समितिको कार्य जिम्मेवारीभित्र व्यवस्थापकीय पक्षहरु अन्तर्गत समन्वय,अनुगमन तथा सहजीकरण जस्ता कार्यहरु रहेका छन्। यस्ता विषयहरुसँग सम्बन्धित कार्यका निम्ति सम्बन्धित निकायहरुसँग कुनै किसिमको शुल्क वा दस्तुर लिने गरिएको छैन।

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

## (च) निर्णय गर्ने प्रकृया र अधिकारी/निकाय

| | |
|---|---|
| निर्णय गर्ने प्रकृया | सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम |
| निर्णय गर्ने अधिकारी | तोकिएको समितिको बैठकबाट, जिल्ला समन्वय समिति प्रमुख, जिल्ला समन्वय अधिकारी |
| निर्णय गर्ने बैठक | जिल्ला सभाको बैठक, जिल्ला समन्वय समितिको बैठक |

## (छ) सम्पादित कार्यको विवरण

| २०८२ श्रावण १ देखि असोज मसान्तसम्म | | | |
|---|---|---|---|
| **क्र.स.** | **कामको विवरण** | **मिति** | **कैफियत** |
| १ | मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना प्रकाशन | २०८२/०४/०४ | |
| २ | ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिता,२०८२ का लागि सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरुबिच छलफल कार्यक्रमको आयोजना | २०८२/०४/१२ | |
| ३ | मासिक बैठक | २०८२/०४/१३ | |
| ४ | ताप्लेजुङ-तेह्रथुम-ईलाम जिल्लाको वैकल्पिक मार्गको प्रयोगका लागि समन्वय तथा सहजीकरण गरिएको | २०८२/०४/२० | |
| ५ | आ.व.२०८१/८२ को कार्यालयको विनियोजन, धरौटी र अन्य कोषको खर्चको फाँटवारी र आर्थिक विवरण को.ले.नि.का. ताप्लेजुङमा पेश गरिएको। | २०८२/०५/०२ | |

| | | | |
|---|---|---|---|
| ६ | जिल्लास्थित संघीय आयोजना,प्रादेशिक विषयगत कार्यालय र स्थानीय तहहरुबीच आ.व.२०८१/८२ को वार्षिक प्रगति समीक्षा तथा असल अभ्यास आदानप्रदान कार्यक्रम। | २०८२/०५/१५ र १६ | |
| ७ | जि.स.स. मासिक बैठक | २०८२/०५/१७ | |
| ८ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा)मा २०८२/०६/१५ र १६ मा सम्पन्न गरिएको वार्षिक समीक्षा कार्यक्रम तथा असल अभ्यास आदानप्रदान कार्यक्रमको प्रतिवेदन पेश गरिएको। | २०८२/०६/०५ | |

## (ज) जिल्ला समन्वय समिति सम्बन्धित मुख्य ऐन, नियम र निर्देशिकाहरु

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघ,प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७
- निजामती सेवा ऐन,२०४९ तथा नियमावली ,२०५०
- सार्वजनिक खरिद ऐन,२०६३
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सुचनाको हक सम्बन्धी ऐन, २०६४
- जिल्ला सभा ऐन, २०७५

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

- जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५
- सार्वजनिक खरिद नियमावली,२०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५
- अनुगमन सम्बन्धी निर्देशिकाहरु

# जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ

## फुङलिङ नगरपालिका,

## कोशी प्रदेश, नेपाल।

## (झ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| (२०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्मको) | | | | |
|---|---|---|---|---|
| **शीर्षक** | **विनियोजन/ आम्दानी रकम रु.** | **खर्च रकम रु.** | **बाँकी बजेट रकम रु.** | **कैफियत** |
| ३६५००१०५३ संघीय अनुदान कूल बजेट विनियोजन | १६८६२०००/- | २९९८७०९.०६/- | १३८६३२९०.४/- | |
| विविध कोष मौज्दात (असार मसान्तमा) | ११६१०४०३.०८ | ० | ११६१०४०३.०८ | |
| धरौटी | ४१५७५९५.८५ | ० | ४१५७५९५.८५ | |
| राजस्व | ० | ० | ० | |

## (ञ) अन्य विवरण

कार्यालयको सम्पर्क विवरण

Website: www.dcctaplejung.gov.np

Email: dcctaplejung@gmail.com

टेलिफोनः ०२४-४६०१४४, ४६०३८०, ४६०१४३, ४६००६५

ठेगानाः फुङलिङ नगरपालिका वडा नं.०४, तोक्मे डाँडा, ताप्लेजुङ